cfa.vic.gov.au/languages

# आगलागीको खतराको अवधि (Fire Danger Period) वा पूर्ण रूपमा आगो निषेधित दिन (Total Fire Ban)

# फरक के छ?



**आगलागीको खतराको समय , आगलागीको खतरा सम्भाव्यता (रेटिंग), चेतावनीहरू तथा पूर्ण रूपमा आगो निषेधित दिन - यसको मतलब के हो?**

## आगलागीको खतराको अवधि (Fire Danger Periods)

**आगलागीको खतरा अवधि (Fire Danger Period)** एक समय हो जब CFA ले वर्षको गर्मी मौसममा आगोको प्रयोगलाई सीमित गर्दछ। आगलागीबाट बच्नका लागि यो नियम लागु गरिएको हो। आगलागीको खतरा अवधि (Fire Danger Period) धेरै महिनासम्म जान सक्छ, र सुरु मिति र अन्त्य मिति प्रत्येक स्थानीय सरकारी क्षेत्र (पालिका वा काउन्सिल) को लागि फरक हुन्छ। यो अवधि वर्षाको मात्रा, वनस्पतिको सुख्खापन र अन्य स्थानीय अवस्थाहरूमा निर्भर गर्दछ।

## पूर्ण रूपमा आगो निषेधित दिन (Total Fire Ban Days)

**पूर्ण रूपमा आगो निषेधित दिन** (Total Fire Bans) एक वा बढी दिनको लागि घोषणा गर्ने सकिन्छ जब आगोको जोखिम धेरै उच्च हुन्छ। पूर्ण रूपमा आगो निषेधित दिनहरूमा सबै खाले आगोहरू* प्रतिबन्धित हुन्छ।

## आगलागीको खतरा सम्भाव्यता (रेटिंग) (Fire Danger Ratings)

आगलागीको खतरा सम्भाव्यता (रेटिंग) ले (Fire Danger Ratings) आगलागी सुरु भयो भने कति खतरनाक हुन सक्छ भनेर बताउँछ। तपाईंले यसलाई आफ्नो र अरूलाई डढेलो वा आगलागीबाट बचाउन के कार्यहरू गर्नु आवश्यक छ भनेर निर्धारण गर्न प्रयोग गर्नुहुन्छ।

## चेतावनीहरू

चेतावनीहरूले तपाईंलाई आगालागी कहिले सुरु भयो भन्ने बताउँछ, ताकि त्यसमा तपाईं निगरानी राख्न सक्नु हुन्छ विशेष गरी उच्च हावा चलेको तातो, सुख्खा दिनहरूमा।

**cfa.vic.gov.au/aboutfiredangerperiod**** मा जानुहोस्।

* प्रतिबन्धित परिस्थितिहरूमा जहाँ आगो बाल्न आवश्यक छ, एक विशेष पूर्ण रूपमा आगो निषेध (Total Fire Ban) अनुमति उपलब्ध छ। कसरी आवेदन गर्ने भन्ने बारे विस्तृत जानकारीको लागि CFA को वेबसाइट हेर्नुहोस्। वर्तमान पूर्ण रूपमा आगो निषेध (Total Fire Ban) अनुमति पत्र बिना तपाईंलाई पूर्ण रूपमा आगो निषेधित दिनहरूमा (Total Fire Ban Days) आगोको प्रयोग गरेमा जरिवाना गर्न सकिन्छ।

** अंग्रेजी भाषामा मात्र उपलब्ध छ।

थप कुराहरू जान्नको लागि QR कोड स्क्यान गर्नुहोस्।

**हामी सबै मिलेर आगलागीबाट बच्न सक्छौं।**